# रौतामाई गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

भुट्टार, उदयपुर

१ नं. प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशितमिति : २०७५/०५/१९

यस कार्यालयबाट चालु आ.व. ०७५/७६ मा यस कार्यालय अन्तर्गत संचालन हुने स्वीकृत कार्यक्रमहरु तपसिलमा उल्लेखित कार्यहरु ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले मूल्यअभिवृद्धि कर र स्थानीय लेखानम्बर दर्ता प्रमाण पत्रप्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तहरुको अधिनमा रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१. सम्बन्धित कागजातहरु संलग्न भएको सिलबन्दी दरभाउपत्र फाराम रौतामाई गाउँपालिकाको कार्यालय, भुट्टारबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म सिलबन्दी दरभाउपत्रको हकमा यस कार्यालय समयभित्र राष्ट्रिय वाणिज्य बैक गाईघाट स्थित रहेको संचितकोष खाता न.ग ४ -१ जम्मा गरेको भौचरलाई सिलबन्दी दरभाउ पत्रहकमा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ ।

२. खरिद गरिएका सिलबन्दी दरभाउपत्रहरु उल्लेख भएका सबै विवरणहरु भरी सिलबन्दी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण, प्रोफाइटरको नाम, ठेगाना, फोन न. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ :०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ । म्यादभित्र प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्र सोही दिनदिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा दरभाउपत्रदाताहरु वा निजको अधिकारप्राप्त प्रतिनिधिहरुको रोहवरमा गाउँपालिकाको कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको अधिकारप्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा वोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

४. सिलबन्दी दरभाउपत्रको प्रत्यक आइटमको भ्याट बाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यतादिईने छ ।

५. सिलबन्दी दरभाउपत्र साथ जमानत वापतको तल उल्लेखित रकम रौतामाई गाउँपालिकाको कार्यालय, भुट्टार, उदयपुरको रा.बा. बैक गाईघाट शाखामा रहेको धरौटी खाता २०९०३०३००७१०४ मा दाखिला गरेको सक्कल भौंचर अथवा यस कार्यालयको नाममाजारी भएको सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिनम्यादभएको बाणिज्य वैकबाट जारी भएको वैक जमानत (Bid Bond) संलग्न हुनुपर्ने छ । सिलबन्दी दरभाउपत्रको म्याद अवधि ४५ दिनहुनेछ ।

६. सिलबन्दी दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईने छ ।

७.रीत नपुगी वा म्याद नाघी आएको सिलबन्दी दरभाउपत्रउपर कुनै कारवाह हुने छैन ।

८. कुनै कारण जनाई वा नजनाई सिलबन्दी दरभाउपत्र पूरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. सिलबन्दी दरभाउपत्र स्वीकृत भईसकेपछि कवोल अंकको ५% ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको संक्कल वैक भौचर वा कम्तिमा १२ महिना म्याद भएको परफरमेन्स वन्ड (Performance Bond) पेश गरी सम्झौता गनुपर्ने छ ।

१०. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिकखरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

११. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारी चाहिएमा यस कार्यालय (फोन न.०३५-४२०२०९) मा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

### सिलबन्दी दरभाउ सम्बन्धी कार्यको विवरण

| क्र.स. | ठेक्का न. | ठेक्काको किसिम | कामको विवरण | ल.ई. रकम रु (भ्याट बाहेक) | धरौटी रकम रु. | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | १।०७५।७६ | सिभिल निर्माण सम्बन्धी | मनमोहन भवनको कम्पाउण्ड वाल निर्माण | ६८९८०७११ | २०,०००। | १०००। |

.......................................

प्रमुख प्रशासकीय अधिकृत

रौतामाई गाउँपालिकाको कार्यालय,
भुल्टार, उदयपुर ।
१ नं. प्रदेश, नेपाल

## आ.व. ०७५/७६को लागि ढुङ्गा, गिट्टी, बालुवा शुल्क,गा.पा. निकासी कर संकलन सम्बन्धी शीलबन्दी दरभाउपत्र आस्वानको सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०७५/०५/१९**

यस कार्यालयबाट अर्थ सम्वन्धी कार्यान्वयन गर्न बनेको ऐन २०७५ बमोजिम गा.पा.मा **ढुङ्गा, गिट्टी, बालुवा** समेतमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले देहाय वमोजिमका शर्त सहित यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय**

यस कार्यालयबाट अर्थ सम्वन्धी कार्यान्वयन गर्न बनेको ऐन २०७५ बमोजिम पशु चौपायाँ, पटके सवारी कर साथै गुद्री बजारमा लिने कर समेतमा ठेक्का बन्दन्दोबस्त गर्नुपर्ने भएकाले देहाय वमोजिमका शर्त सहित यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का विवरण | खोलाको नाम | जम्मा परिणाम घ.फि. | दर रु. प्रति घ.फिट | जम्मा रकम रु. | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | छौडिया खोला (गुरासेदेखि त्रियुगा दोभान सम्म) रौतामाई गा.पा ७. | १७५०००।- घन फीट | रु.४ | ७०००००।- | १००० | |
| | पुवाँरे खोला (चिउरीवासदेखि त्रियुगाखोलाको दोभान सम्म) रौतामाई गा.पा ७. | | | | | |
| | त्रियुगाखोला (तेलतेलेदेखि मसाने सम्म) रौतामाई गा.पा ७. | | | | | |
| ३ | रसुवाखोला (हुल्मा रसुवा दोभानदेखि जागिर भित्ताको पूच्छार सम्म) रौतामाई गा.पा १,२,४,६ र ८ वडाका लागि | ५००००।- घन फीट | रु.४ | २०००००।- | १००० | |
| ४ | वडा नं. ३ र ५ मा पर्ने पोखरी खोलाको जरुवादेखि ठूलो निकाससम्मको विभिन्न वगरक्षेत्रको क्षेत्रबाट राकुली खोला | १२५०००।- | रु.४ | ५०००००।- | १००० | |
| | जम्मा | | | १४०००००।- | | |

## पशु चौपाया, पटके सवारी कर तथा हटिया कर सम्बन्धी शीलबन्दी दरभाउपत्र आह्वानको सूचना !

**देहाय**

**क. मुर्कुची क्षेत्र रौतामाई - ७**

| सि.न | ठे.नं. | ठेक्का विवरण | आ.ब.०७५/७६ को वार्षिक न्यूनतम अंक (मु.अ.कर सहित | बोलपत्र खरिद दस्तुर |
|---|---|---|---|---|
| १ | ५क | पटके सवारी कर | ३०,०००।० | ३००।० |
| २ | ५ख | पशु चौपायाँ खरिद विक्री | १५,०००।० | ३००।० |
| ३ | ५ग | गुद्री बजार | ८०,०००।० | ३००।० |
| जम्मा | | | १,२५,०००। | ९००। |

**ख.रसुवा चनौटे लाफा गाउँ जाते माझखर्क सडक रौतामाई ५ र ३**

| सि.न | ठे.नं. | ठेक्का विवरण | आ.ब.०७५/७६ को वार्षिक न्यूनतम अंक (मु.अ.कर सहित | बोलपत्र खरिद दस्तुर |
|---|---|---|---|---|
| १ | ६ | पटके सवारी कर | १०,०००।० | ३००। |
| २ | | पशु चौपायाँ खरिद विक्री | ५,०००।० | |
| ३ | | गुद्री बजार (फोक्सिङटार, रसुवाघाट) | १०,०००।० | |
| जम्मा | | | २५,०००।० | |

ग. रौता पोखरी क्षेत्र रौतामाई १, २, ४, ६ र ८ (रौता निकास, सल्ले भुट्टार, पुंवारे, माफखर्कसम्म)

| सि.न | ठे.नं. | ठेक्का विवरण | आ.ब.०७५/७६ को वार्षिक न्यूनतम अंक (मु.अ.कर सहित | बोलपत्र खरिद दस्तुर |
|---|---|---|---|---|
| १ | ७ | पटके सवारी कर | २०,०००।० | ३००।० |
| २ | | पशु चौपायाँ खरिद बिक्री | १०,०००।० | |
| ३ | | गुद्री बजार (माफखर्क) | १५,०००।० | |
| जम्मा | | | ४५,०००। | |

शर्तहरु

१. वोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५दिन (कार्यालय समयमा) भित्र माथि उल्लेख भए बमोजिम (पछि फिर्ता नहुने गरी) वुझाएको नगदी रसिद वा बैंक भौचरका साथ आ.व. ०७४/०७५ सम्मको नवीकरण भएको फर्म वा कम्पनीको इजाजतपत्र र आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रआ.व. ०७४/०७५ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक फर्म वा कम्पनीहरुबाट वा निजको आधिकारिक प्रतिनिधिले कार्यालय समयभित्र यस कार्यालय सहित सबै वडा कार्यालयहरुबाट खरिद गर्न सक्नेछ।

२. खरिद भएका वोलपत्रहरुको प्रत्येक पानामा सही छाँप र शिलबन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम, नम्बर लेखी सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १ बजे सम्म खामबन्दी गरी यस कार्यालयमा दर्ता गरी पेश गर्न सकिनेछ।

३. दर्ता हुन आएका शिलबन्दी वोलपत्रहरु दर्ता गर्ने अन्तिम दिनको २:०० बजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहोवरमा खोलिनेछ। वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन।

५.वोलपत्र फारम साथ आफूले कवोल गरेको कुल अंकको नेपाली फर्म भए ५% र विदेशीफर्म भए १०% धरौटी रकम यस कार्यालयको गाईघाट स्थित रा.बा. बैंक धरौटी खाता नं. ग २०९०३०३००७१०४ मा जम्मा गरी सो को सक्कल वैङ्क भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ।

६. वोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट तत् तत् समयमा गरिने छ।

७.बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रस्टसँग उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

८. सम्झौताको समयमा ठेक्काको कवोल अंक अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा कवोल रकममा १०% सम्म छुट दिन सकिनेछ।

११. ठेकेदारले नियमानुसारको आयकर तथा मूल्यअभिवृद्धि कर ठेक्का सम्झौताको बखतमा गा.पा.को कार्यालय उदयपुरमा बुझाउनु पर्नेछ। सो बाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनुपर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा तथा स्थानीय तहमा बुझाउनु पर्नेछ, उक्त रकम ठेक्का रकमबाट कटाउन पाइने छैन॥

१४. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्यहुने छैन। शर्त सहितको बोलपत्रलाई बदर मानिनेछ। साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्रउपर कुनै कारबाही हुने छैन।

१५. ठेक्काका सम्बन्धमा कुनै किसिमको विवादको स्थिति स्वीकार्य हुने छैन। ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा प्रचलित कानून, ऐन, नियमको परिधिभित्र रही यस कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ।

१८. यस कार्यालयको छाप र कार्यालयबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिईने छैन।

२१. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रदेश, संघ तथा स्थानीय तहका प्रचलित कानून बमोजिम हुनेछ।

२२. माथि उल्लेखित ३ वटा क्षेत्रहरु मध्येका कुनै एक वा एकभन्दा बढी शीर्षकमा बोलपत्र फारम भर्न सकिनेछ।

नोट : यस सम्वन्धी विस्तृत जानकारीका लागि रौतामाई गा.पा.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ, सम्पर्क नं. ९८५२८५१०१६, ९८५२८३०३२५, ९८४२५३८४६८ ।

प्रमुख प्रशासकीय अधिकृत